फोनः ०५६-४१०१२२/४१०१११
इमेलः info@ichchhakamanamun.gov.com
वेबसाइटः ichchhakamanamun.gov.np

इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८१/८२
च.नं.

मितिः

इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुरिनटार, चितवन बागमती प्रदेश, नेपाल

## माटो परिक्षण शिविर सञ्चालन सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०८१/०७/२९

प्रस्तुत विषयमा यस इच्छाकामना गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयको चालु आ.व. २०८१/८२ मा स्वीकृत भएको **माटो प्रयोगशाला सञ्चालन तथा कृषि चुना वितरण कार्यक्रम**बाट सम्पूर्ण वडाहरुमा माटो परिक्षण शिविर सञ्चालन गर्नुपर्ने हुँदा इच्छुक कृषक/ कृषि उद्यमी/ कृषक समूह / कृषि सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८१/०८/१३ गते) भित्र आ-आफ्नो खेतबारीको माटोको नमूना सङ्कलन गरी सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको कृषि विकास शाखामा निम्नानुसारको विवरण सहित पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक विवरण

१. कृषकको नाम: ..........................................................
२. ठेगाना: .....................................................................
३. खेतबारीको किसिम: ............................................. (खेत / बारी / टार / ढाप)
४. लगाइएको बाली: ........................................................... / बाझो जमिन
५. लगाउने बाली: .........................................................
६. मिति: .......................................................................
७. जमिनको गहिराईः .....................................................
८. मोबाइल नं.: .............................................................

..............................................
चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत


**बोधार्थ:**
श्री सूचना प्रविधि शाखा (१-७ नं. वडामा सूचना सम्प्रेषण गर्नुहुन)


**(नोटः यस कार्यक्रम बारे थप जानकारीको लागि कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।**
**सम्पर्क नं.: समिक्षा पौडेलः ९८४५९८४५१०, आशिष त्रिपाठीः ९८४५९७६०५५, उमेश कुमार चौधरीः ९८४५३३१८३७)**

# माटोको नमुना संकलन गर्ने तरिका

## अन्न र तरकारी बालीको लागि


एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिरालो पना आदि) भएको जमिनबाट १ वटा नमूना तयार गर्ने ।





एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ ।


प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने ।







सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने ।

यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरूलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने ।







बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पूनः ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोको नमूना करिब १/२ के.जी. नभएसम्म दोहोर्याउने । आधा के.जी. माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने ।

## फलफूल बालीको लागि


फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने ।







छनोट गरीएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने । माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २, र ३ फिट गहिराईमा चिनो लगाउने ।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडाँमा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने ।




यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोर्याउने ।




यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनका गहिराई खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने ।

**माटोको नमुना परीक्षण गर्न पठाउँदा निम्न विवरण हुनु पर्दछ:**

नामथर:

ठेगाना:

खेतबारीको किसिम:

लगाउने बाली:

मिति:

जमिनको गहिराई:

थप जानकारीका लागि

**माटो तथा मल परीक्षण प्रयोगशाला**

हेटौंडा, मकवानपुर

सम्पर्क नं. ०५७-४१२५३५, ९८५५०६९१६०

वेबसाइट : www.soillab.bagamati.gov.np